नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
राष्ट्रिय किताबखाना (निजामती)
हरिहरभवन, ललितपुर

# वैयक्तिक विवरण अद्यावधिक अभियान

## PIS Update Campaign

२०७८ असोज - मंसिर

- "प्रमुख कार्यलाई प्राथमिकता" को सिद्धान्त अनुसार वैयक्तिक विवरण अद्यावधिक अभियान २०७८ असोज ७ बाट शुरु गरिएकोमा २०७८ कार्तिक २२ सम्ममा जम्मा ८८९५ निजामती कर्मचारीको विवरण अद्यावधिक भएको छ भने केही संगठन तथा पदहरुको अभिलेखसमेत अद्यावधिक गरिएको छ । यो कार्य किताबखानाको नियमित काम नै हो तथापि २०७८ मंसिर मसान्तसम्म अभियानकै रुपमा सञ्चालनमा रहनेछ ।
- अभियानका क्रममा संगठन ढाँचाअनुसारको अद्यावधिक गर्न बाँकी संगठनको दरवन्दी तेरिज, पदपूर्तिको स्थिति, सरुवा, बढुवा, विभागीय कारवाही लगायत कर्मचारी व्यवस्थापन सम्वन्धी विवरण प्रविष्टी हुन्छ।
- अभियानको क्रममा सेवा सञ्चालन गर्ने तथा अन्य सरोकारवाला मन्त्रालय/विभाग कर्मचारीका घटना सम्वन्धी विवरण समयमै प्राप्त गर्ने गराउने वातावरण तयार हुने विश्वास लिइएको छ ।
- अभियानकै क्रममा **Government Office Integrated Management System** नामक अनलाइन प्रणालीको परीक्षण समेत गरिने भएको छ।
- कार्यवातावरणमा सुधार ल्याई किताबखानाको असल पहिचानलाई प्रवर्द्धन गर्नका लागि समेत यो अभियान केन्द्रित रहनेछ ।
- अभियान अन्तर्गत भएगरेका कामको विवरण हरेक शुक्रवार वेवसाइटमार्फत सार्वजनिक गर्ने गरिएको छ ।
- वैयक्तिक विवरण यस किताबखानाको इमेल *update@pis.gov.np* मार्फत पठाउन सकिने र प्राप्त हुने आधिकारिक विवरणको आधारमा विवरण अद्यावधिक गरिनेछ ।
- अभियानका क्रममा हुने कामबाट कर्मचारीको सेवा, पद र सेवा सम्वन्धी विवरणलाई Real Time बनाउन सहयोगी हुने विश्वास लिइएको छ ।
- अभियानमा सहभागी भै बाँकी रहेका सबै विवरण अद्यावधिक गर्ने कार्यमा सहयोग गर्नुहुन सबै निजामती कर्मचारी र सम्वद्ध मन्त्रालय/विभाग/निकायहरुमा हार्दिक अनुरोध समेत गर्दछौं ।

राष्ट्रिय किताबखाना (निजामती)